## बैठक नं ८

मितिः २०८३।०१।१५ गते मंगलबार, जिल्ला कानूनी सहायता समिति, जाजरकोटको जिल्ला कानूनी सहायता समिति जाजरकोटका अध्यक्ष जिल्ला न्यायाधिवक्ता नगेन्द्र लम्सालको अध्यक्षतामा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

श्री नगेन्द्र लम्साल, अध्यक्ष

अधिवक्ता श्री भीमबहादुर सिंह, सदस्य

(अध्यक्ष, जाजरकोट जिल्ला अदालत बार इकाई)

अधिवक्ता श्री निमबहादुर शाही, सदस्य

आमन्त्रित

श्रेस्तेदार श्री सरोजनिधि वाग्ले, जाजरकोट जिल्ला अदालत

सहायक जिल्ला न्यायाधिवक्ता श्री डिल्लीराज ज्ञवाली, जिसवका जाजरकोट

अधिवक्ता श्री सहदेव जंग शाह, जिल्ला कानूनी सहायता अधिकारी

छलफलका विषयहरू

१) जिल्ला कानूनी सहायता अधिकारीको सेवा सुविधा सम्बन्धमा ।

२) केन्द्रीय कानूनी सहायता समितिको सम्पर्क कर्मचारी, वेभ पेज र ईमेल सम्बन्धमा ।

३) केन्द्रीय कानूनी सहायता समितिबाट प्राप्त हुने बजेटको बाँडफाँड सम्बन्धमा ।

४) असमर्थ पक्षलाई कानूनी सहायता सम्बन्धमा ।

५) कार्यालयको काम कारवाहीको बारेमा प्रतिवेदन पेश गर्ने सम्बन्धमा ।

निर्णय

निर्णय नम्बर १) विषय नम्बर १ जिल्ला कानूनी सहायता अधिकारीको सेवा सुविधा सम्बन्धमा छलफल गर्दा जिल्ला कानूनी सहायता अधिकारी जाजरकोटको नियुक्ति पत्र र करार सम्झौता हेर्दा मासिक तलव नेपाल सरकारले निर्धारण गरेको अधिकृत सो सरहको हुनेछ भनी उल्लेख गरेकोमा अन्य सेवा सुविधाको विषयमा उल्लेख नभएकाले निजले अन्य सेवा सुविधा के के पाउने हो स्पष्ट रुपमा नलेखिएकाले निजले अन्य सेवा सुविधा महंगी भत्ता, चाडपर्व खर्च र पोशाक भत्ता पाउने भए स्पष्ट रुपमा करार सम्झौतामा उल्लेख गर्ने बारे केन्द्रीय कानूनी सहायता समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नम्बर २) विषय नम्बर २ केन्द्रीय कानूनी सहायता समितिको सम्पर्क कर्मचारी, वेभ पेज र ईमेल सम्बन्धमा छलफल गर्दा जिल्ला कानूनी जिल्ला कानूनी सहायता अधिकारीसँग रहेको केन्द्रीय कानूनी सहायता समितिबाट प्राप्त पत्रहरु हेर्दा केन्द्रीय कानूनी सहायता समितिको सम्पर्क ईमेल पनि उल्लेख नभएको तथा केन्द्रीय कानूनी सहायता समितिको वेभसाइट पनि भएको नदेखिएकोले केन्द्रीय कानूनी सहायता समितिका निर्देशन र निर्णयहरुको जानकारी पनि जिल्ला कानूनी सहायता समितिका पदाधिकारीहरुलाई नहुने तथा जिल्ला कानूनी सहायता समितिबाट गरिएका निर्णयहरुको जानकारी केन्द्रीय कानूनी सहायता समितिको कुन इमेलमा पठाउने सो सम्बन्धमा पनि स्पष्ट जानकारी नभएको अवस्था छ। कानूनी सहायता सम्बन्धी ऐन, २०५४ को दफा १० को उपदफा (१क) मा केन्द्रीय समितिले कानूनमा कम्तीमा स्नातक भएको व्यक्तिलाई कार्यालय सचिवको पदमा नियुक्त गर्न सक्नेछ। त्यसरी नियुक्त नभएसम्मको अवधिको लागि केन्द्रीय समितिको अनुरोधमा नेपाल सरकारले राजपत्राङ्कित कर्मचारीलाई कार्यालय सचिवको पदमा खटाउन सक्नेछ भन्ने कानूनी व्यवस्था भएकाले कार्यालय सचिव नियुक्त गरी जिल्ला कानूनी सहायता समितिलाई जानकारी गराउन अत्यावश्यक देखिएको छ। केन्द्रीय कानूनी सहायता समिति र जिल्ला कानूनी सहायता समितिको आधिकारिक ईमेल केन्द्रीय कानूनी सहायता समितिले निर्माण गरी केन्द्रीय कानूनी सहायता समितिको वेभ पेज निर्माण गरी उक्त वेभ पेजमा केन्द्रीय कानूनी सहायता समितिका निर्णय र महत्वपूर्ण जानकारीहरु र केन्द्रीय कानूनी सहायता समितिको कार्यालय भएको स्थान र सम्पर्क कर्मचारीहरुको विवरण सहितको जानकारी भएमा समितिका काम कारबाही प्रभावकारी हुने भएकाले केन्द्रीय समितिलाई यस विषयमा जानकारी गराउने निर्णय गरियो । यसैगरी जिल्ला कानूनी सहायता समितिको आधिकारिक ईमेल नबन्दा सम्म केन्द्रीय कानूनी सहायता समितिले आफूले गरेका निर्णयहरु र पत्राचारहरुको जिल्ला कानूनी सहायता समितिलाई जानकारी गराउनका लागि उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता र जिल्ला सरकारी वकील कार्यालयको जिल्ला न्यायाधिवक्ता जिल्ला कानूनी सहायता समितिको पदेन अध्यक्ष हुने व्यवस्था भएकाले महान्यायाधिवक्ताको कार्यालयबाट यी कार्यालयहरुको एकमुष्ट रुपमा ईमेलको विवरण लिई तथा सम्बन्धित उच्च अदालत बार एशोसिएसन र जिल्ला अदालत बार एशोसिएसनबाट समितिमा पदाधिकारीहरुको प्रतिनिधित्व हुने भएकाले नेपाल बार एशोसिएसनबाट इमेल संकलन गरी पठाउने व्यवस्था भएमा प्रभावकारी हुने भएकाले यस सम्बन्धमा केन्द्रीय कानूनी सहायता समितिलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नम्बर ३) विषय नम्बर ३ का सम्बन्धमा छलफल गर्दा केन्द्रीय कानूनी सहायता समितिबाट किस्ताबन्दीमा बजेट रकम प्राप्त हुने तथा उक्त बजेट जिल्ला कानूनी सहायता अधिकारीको तलब पारिश्रमिक, कार्यालयको भाडा, कार्यालयको बिजुली/संचार र कार्यालय

२०८२।१।१५

संचालनका लागि स्टेशनरी लगायतमा खर्च भइरहेको अवस्था छ। कानूनी सहायता सम्बन्धी नियमावली २०५५ को नियम १० को खण्ड (छ) मा जिल्ला समितिको वार्षिक कार्यक्रम तथा बजेट पारित गरी स्वीकृतिको लागि केन्द्रीय समितिमा पठाउने भन्ने व्यवस्था भए पनि केन्द्रीय समितिबाट एकमुष्ट प्रत्येक वर्षको श्रावण महिना भित्र बजेट प्राप्त हुने व्यवस्था नभएको तथा के कति रकम केन्द्रीय समितिबाट वार्षिक रुपमा प्राप्त हुने हो कुन कुन किस्तावन्दीमा कहिले जिल्ला कानूनी सहायता समितिको खातामा रकम प्राप्त हुने सम्बन्धमा यकिन स्पष्ट वार्षिक योजना तालिका अनुसार जानकारी प्राप्त नभइरहेको अवस्थामा केन्द्रीय समितिको कार्यालय भएको स्थान, विवरण पठाउने इमेल र सम्पर्क कर्मचारीको विवरण नै यकिन नभएको अवस्थामा जिल्ला समितिको वार्षिक कार्यक्रम तथा बजेट पारित गरी स्वीकृतिको लागि केन्द्रीय समितिमा पठाउने व्यवस्था प्रभावकारी नभएको अवस्था छ। जिल्ला कानूनी सहायता समितिमा प्रत्येक वर्ष आउने बजेट सहित पुराना पैसा पनि खातामा हुने तथा खातामा के कति पैसा कहिले आउने सो समेत यकिन नहुने भएकाले जिल्ला कानूनी सहायता समितिबाट पालिका स्तरमा कानूनी सचेतना कार्यक्रम र कानूनी सहायता शिविर संचालन जस्ता कार्यक्रमहरु गरी असमर्थ पक्षको न्यायमा पहुँच प्रभावकारी बनाउन तथा कार्यालयका काम कारबाही कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन हुन सकिरहेको छैन । केन्द्रीय कानूनी सहायता समितिमा नेपाल सरकारबाट बजेट प्राप्त हुने तथा कानूनी सहायता सम्बन्धी ऐन, २०५४ को दफा ९ लेखा र लेखा परीक्षणको उपदफा (१) मा केन्द्रीय समिति र जिल्ला समितिले आफ्नो आय व्ययको लेखा प्रचलित कानून बमोजिमको ढाँचामा राख्नु पर्नेछ । उपदफा (२) मा केन्द्रीय समिति र जिल्ला समितिको आय व्ययको लेखा परीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ भन्ने कानूनी व्यवस्था भएकाले जिल्ला कानूनी सहायता समितिको वार्षिक शीर्षक अनुसार बजेटको व्यवस्था गरी सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट भुक्तानी हुने ब्यवस्था गरी आन्तरिक लेखा परीक्षण सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट भएमा प्रभावकारी हुने भएकाले यस विषयमा केन्द्रीय कानूनी सहायता समितिलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नम्बर ४) विषय नम्बर ४ असमर्थ पक्षलाई कानूनी सहायता सम्बन्धी विषयमा छलफल गर्दा गर्दा कानूनी सहायता सम्बन्धी नियमावली, २०५५ को नियम ६ को उपनियम (१) मा वार्षिक चालीस हजार रुपैयाँभन्दा बढी आय हुने व्यक्तिलाई समितिले कानूनी सहायता उपलब्ध गराउने छैन भनी उल्लेख भए बाट असमर्थ पक्ष वार्षिक ४० हजार रुपैयाँ भन्दा कम आय हुने व्यक्ति भन्ने बुझिने भएकाले अहिलेको परिपेक्षमा उक्त प्रावधान सान्दर्भिक नभएकाले केन्द्रीय कानूनी सहायता समितिबाट निर्णय गरी वा नियमावली संसोधन गर्न पहल गरी वार्षिक कति आय हुने व्यक्ति हालको अवस्थामा

२०८२।१।१५

असमर्थ पक्ष हुने हो सो सम्बन्धमा आवश्यक पहल र निर्णय गर्न केन्द्रीय कानूनी सहायता समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ५) विषय नम्बर ५ कार्यालयको काम कारवाहीको बारेमा प्रतिवेदन पेश गर्ने सम्बन्धमा छलफल गर्दा जिल्ला कानूनी सहायता समिति जाजरकोटको काम कारबाहीहरुको बारेमा जिल्ला कानूनी सहायता समिति जाजरकोटका जिल्ला कानूनी सहायता अधिकारी श्री सहदेव जंग शाहले पन्ध्र दिन भित्र प्रतिवेदन तयार गरी समितिका पदाधिकारीहरुलाई जानकारी दिई समितिको अर्को वैठकमा पेश गरी छलफल गर्ने निर्णय गरियो ।

२०८३।१।१५